पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन १४ गते बुधबार ❑ 26 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## देश विकास हुँदैछ, युवाहरू निराश हुनु पर्दैन: प्रधानमन्त्री ओली

**राासस**
काठमाडौं, १३ फागुन

प्रधानमन्त्री केपी शर्मा ओलीले देश अँध्यारो युगबाट उज्यालो युगमा प्रवेश गरेकाले युवाहरू निराश हुनु नपर्ने बताउनुभएको छ।

जोरपाटीस्थित नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पतालको रजत जयन्तीका अवसरमा मंगलबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले देशमा असाधारण विकास हुँदै गएकाले केही भएन वा सरकारले केही गरेन भन्न नमिल्ने बताउनुभएको हो। उहाँले देश बनाउने सवालमा अन्धाधुन्ध हिसाबले नभई सोच विचार गरेर सरकारले काम गरिरहेको स्पष्ट गर्दै जनताले पनि यस यात्रामा साथ र सहयोग दिनुपर्नेमा जोड दिनुभयो। "खान लाउन नपाउनेलाई सरकारले हेर्नुपर्छ । पढ्न नसक्नेलाई सरकारले पढाउनुपर्छ।

शुल्क तिर्न सक्नेलाई छात्रवृत्ति दिइरहनुपर्छ भन्ने छैन। आफैँ तिरेर उच्चशिक्षा पढ्न चाहने स्वदेशी र विदेशीलाई सरकारी वा निजी सबै शिक्षालयमा पूर्वाधार सुविधा र कोटा बढाएर अध्ययन गर्ने वातावरण तयार गर्नुपर्दछ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "निजी विद्यालयलाई गुठीमा लानुपर्छ भन्ने छैन। शिक्षा क्षेत्र खेलबाड गर्ने थलो होइन। 'एसइई'मा ५२ प्रतिशत अनुत्तीर्ण हुने स्थिति र प्रणालीलाई अन्त्य गर्नुपर्छ ।" प्रधानमन्त्री ओलीले 'एसइई'मा धेरै सङ्ख्यामा विद्यार्थी अनुत्तीर्ण हुने गरी पढाउने शिक्षकलाई तलब बढाउन नसकिने र विद्यार्थीलाई बुझाएर पढाउन नसक्ने शिक्षकको कमजोरीको दोष विद्यार्थीलाई दिन नमिल्ने बताउनुभयो । यसअघि प्रधानमन्त्री हुँदा आफूले ३९६ आधारभूत अस्पतालको एकै पटक शिलान्यास गरेको स्मरण गराउँदै उहाँले यसबीचमा प्रभावकारी रूपमा काम हुन नसकेको बताउनुभयो। कार्यक्रममा प्रधानमन्त्री ओलीले अस्पतालको रजत जयन्ती स्मारिकाको विमोचन गर्नुभएको थियो।

## भारतको केआइआइटीका विद्यार्थीले टियूमा अध्ययन गर्न पाउने

**रासस**
काठमाडौं, १३ फागुन

त्रिभुवन विश्वविद्यालय (टियू) ले भारतको उडिसास्थित कलिङ्गा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआइआइटी) विश्वविद्यालयमा समस्या परेका विद्यार्थीलाई 'क्रेडिट ट्रान्सफर' गरेर अध्ययन गर्ने व्यवस्था मिलाएको छ।

त्रिविका शिक्षाध्यक्ष प्रा डा खड्ग केसीले मंगलबार जारी गर्नुभएको विज्ञप्तिमा भारतको केआइआइटी विश्वविद्यालयमा सिर्जना भएको समस्याको कारणले स्वदेशमा फिर्ता भएका विद्यार्थीलाई त्रिविको 'क्रेडिट ट्रान्सफर' नीतिअनुसार भर्ना हुने व्यवस्था गरिएको जानकारी गराउनुभएको छ । "भारतको उडिसा राज्यको भुवनेश्वरस्थित केआइआइटीमा सिर्जना भएको समस्याको कारणले स्वदेश फिर्ता हुन बाध्य भएका नेपाली विद्यार्थीले त्रिविमा सञ्चालित कार्यक्रम र विषयमा अध्ययन गर्न चाहेमा त्रिविको क्रेडिट ट्रान्सफर नीति अनुरूप भर्ना गर्न सकिने व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गराइन्छ," उहाँले जारी गर्नु भएको विज्ञप्तिमा उल्लेख छ। त्रिविले विद्यार्थी तथा अभिभावकलाई चभअतयचयााष्अभ२तगा।भमगा। लउ र चभअतयच२तगा।भमगा। लउ मा सर्म्पक गर्न आग्रह गरेको छ। गत केही दिनअघि केआइआइटीको छात्रावासमा प्रकृति लम्सालको रहस्यम तरिकाले मृत्यु भएको थियो । त्यसपछि असुरक्षा भएपछि नेपाली विद्यार्थीबीचमा नै पढाइ छाडेर नेपाल फर्किएका छन्।

## सराङ्कोट महायज्ञमा सहभागी हुने भक्तजनलाई २ सय मै केवलकारको अवसर

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

पोखराको सराङ्कोटमा आयोजना हुने श्रीमद्भागवत ज्ञान महायज्ञ एवम् धार्मिक पर्यटन महोत्सवको अवसरमा महायज्ञमा सहभागस हुने भक्तजनहरुको लागि अन्नपूर्ण केवलकारले ७१ प्रतिशत छुटमा केवलकार सेवा दिने भएको छ।

उक्त महायज्ञ एवं महोत्सवमा आउने आगन्तुक भक्तजनहरुको लागि जनही २ सय रुपैयाबाट यात्रा गराउने भएको अन्नपूर्ण केबुलकारका महाप्रवन्धक दिनेश पौडेलले बताउनुभयो। सराङ्कोट क्षेत्रको धार्मिक पर्यटन प्रबर्द्धन सहित धार्मिक एवं पर्यटकीय गन्तव्यहरु निर्माण गर्ने उक्त अभियान स्वरुप आयोजना भएको महायज्ञलाई सफल पार्न आफुहरुले उक्त प्याकेज ल्याएको उहाँले बताउनु भयो। यसलाई भने भक्तजनहरुले आयोजकसंग बिषेश छुट सहितको पास लिनुपर्ने महाप्रबन्धक पौडेलले बताउनु भयो। अन्य व्यक्तिहरुको लागि भने ७ सय रुपैया रहेको छ।

महायज्ञको अवसरमा हाल उक्त केलवकारमा यात्रा गर्दा बिद्यार्थीहरुको हकमा २५ प्रतिशत र जेष्ठ नागरिकहरुलाई भने ५० प्रतिशत सहुलियत दिएको महाप्रबन्धक पौडेलले बताउनु भयो । हाल आफुहरुले २ वटा सटल बसबाट पोखराको लेकसाइडबाट निःशुल्क सटल बस सेवा संचालन गर्दै आएको उहाँले जनाउनु भयो । बुधबार देखि महायज्ञ सुरु हुने भएको छ । उक्त अवसरमा पोखराको पिसमपानी गार्यघाँटबाट कलश यात्रा गरिनेभ भएको छ। कलश यात्रामा सहभागि हुनेहरुलाई समेत अन्नपूर्ण केवलकारको निःशुल्क पासको व्यबस्था गरेको छ।

सराङ्कोटमा निर्माण भएका विभिन्न भौतिक संरचनको राष्ट्रपति रामचन्द्र पौडेलबाट फागुन १७ गते औपचारिक उद्घाटन हुने भएको महायज्ञ मुल आयोजक समितिका अध्यक्ष प्रेम बहादुर जिसिले बताउनु भयो। भागवत् भाष्कर पण्डित कमलनयन गौतम महायज्ञका प्रमुख वाचक रहनुहुने भएको प्रचार संयोजक कृष्ण थापाले बताउनु भयो।

## बन्दीपुर भ्रमण वर्ष सफल बनाउन गोरखापत्र संस्थानले सहयोग गर्ने

**पोखरापत्र संवाददाता**
दमौली, १३ फागुन

तनहुँको पर्यटकीय नगरी बन्दीपुरको पर्यटन प्रवर्द्धनका लागि गोरखापत्र संस्थानले प्राथमिकता दिने भएको छ।

बन्दीपुर भ्रमण वर्ष २०२५ को अवसरमा गोरखापत्र संस्थान र पद्म पुस्तकालयले आज बन्दीपुरमा आयोजना गरेको राष्ट्रिय सिर्जना सम्मेलनमा संस्थानका महाप्रबन्धक लालबहादुर ऐरीले भ्रमण वर्ष सफल बनाउन सञ्चारमाध्यमका तर्फबाट सहयोग रहने प्रतिबद्धता जनाउनुभयो । उहाँले बन्दीपुरको पर्यटन प्रवर्द्धनका लागि गोरखापत्रबाट पूर्ण सहयोग रहने बताउनुभयो। महाप्रबन्धक ऐरीले भन्नुभयो, "बन्दीपुर भ्रमण वर्ष सफल बनाउनु हाम्रो पनि जिम्मेवारी हो । बन्दीपुरको पर्यटकीयगतिविधिलाईसंस्थानले प्राथमिकताका साथ प्रकाशन गर्नेछ।" बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले भ्रमण वर्ष सफल बनाउन सञ्चारमाध्यमको महत्वपूर्ण भूमिका रहने बताउँदै यस अभियानमा जोडिएकामा संस्थानलाई धन्यवाद दिनुभयो।

हाल यहाँ वार्षिक रूपमा एक लाख पर्यटक आउने गरेकामा त्यसलाई दोब्बर बनाउँदै यहा'को पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यसहित भ्रमण वर्ष सञ्चालन गरिएको उहाँले बताउनुभयो । अध्यक्ष थापाले गाउँपालिका क्षेत्रका सबै पर्यटकीय गन्तव्यलाई प्रचारप्रसार गरिने बताउनुभयो । "बन्दीपुर बजारमात्रै नभई गाउँगाउँमा रहेका गन्तव्य परिचित गराउने र त्यस ठाउँमा पर्यटक पुऱ्याउने लक्ष्य छ । भ्रमण वर्षका क्रममा बन्दीपुर-छिम्केश्वरी-मनकामना-गोरखा मन्दिर-लिगलिगकोट-भानु जन्मस्थल हुँदै पुनः बन्दीपुर आउने दुई दिनको प्याकेजसमेतबनाएकाछौँ", उहाँले भन्नुभयो। गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष विष्णुप्रसाद सुवेदीले पद्म पुस्तकालयका लागि अध्यक्ष सुदर्शन प्रधानलाई संस्थानका तर्फबाट दुई सय थान पुस्तक हस्तान्तरण गर्नुभयो।

## स्वास्थ्य बिमाका लागि सुरक्षित कोष बनाउन आवश्यक : मन्त्री पौडेल

**रासस**
काठमाडौं, १३ फागुन

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले अहिलेको अवस्थाबारे स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्न समस्या रहेको बताउनुभएको छ।

मंगलबार बसुन्धारामा रहेको महेन्द्रनारायण निधि अस्पतालको पुनःसेवा शुभारम्भ गर्दै उहाँले अहिलेको अवस्थामा स्वास्थ्य बिमा कार्यक्रमलाई सञ्चालन गर्ने हो भने राज्यले थेक्न नसक्ने भन्दै बिमा कार्यक्रमलाई पुनः संरचना गर्न आवश्यक रहेको बताउनुभयो। विसं २०८० असारमा बन्द भएको अस्पताल नयाँ व्यवस्थापनमा पुनःसञ्चालन आएको हो।

मन्त्री पौडेलले स्वास्थ्य बिमालाई व्यवस्थित ढङ्गबाट सञ्चालन गरे मात्र सबै नागरिकको उपचार सम्भव हुने बताउनुभयो। उहाँले आफूले स्वास्थ्य बिमा चल्दैन भनेको नभई अहिलेको प्रणालीबाट सञ्चालन गर्न समस्या हुने मात्र बताएको बताउनुभयो । "मैले बिमा चल्दैन भनेको होइन। अहिलेकै अवस्थामा बिमालाई चलाउने हो भने राज्यले थेक्न सक्दैन", मन्त्री पौडेलले भन्नुभयो, "नागरिक आधारित बिमा बनाउनुपर्दछ । अहिलेको बिमाबाट सबैको उपचार गर्न असम्भव छ ।" उहाँले स्वास्थ्य बिमाका लागि सुरक्षित कोष बनाउन आवश्यक रहेको बताउनुभयो। मन्त्री पौडेलले बिमा सञ्चालन गर्नका लागि नियमित आम्दानी हुने सुरक्षित कोष बनाउनुपर्नेमा जोड दिँदै सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोष, सञ्चय कोषजस्ता स्वास्थ्यका कार्यक्रमलाई स्वास्थ्य बिमामा गाभ्नुपर्ने बताउनुभयो। उहाँले कर्मचारी, कर तिर्ने मानिसको र बिमा गरेवापत सङ्कलन भएको रकमले बिमा कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो।

## बालबालिकामा शिक्षाको पहुँच पुऱ्याऔं

- उमेर पुग्ने वित्तिकै बालबालिकालाई विद्यालय भर्ना गरौं,
- विद्यालयमा बालबालिका रमाउने वातावरण सिर्जना गरौं,
- घरपरिवारमा सिकाइको वातावरण तयार गरौं,
- बालबालिका मैत्री शिक्षण सामग्री प्रयोग गरौं,
- बालबालिकाको रुचिबमोजिम खेल्दै, पढ्दै सिक्ने वातावरण निर्माण गरौं,
- बालबालिकाको फरक क्षमता अनुसार सिकाईको अवसर प्रदान गरौं,
- बालबालिकालाई पढाईका साथसाथै अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## काउली बिक्रीबाट एकै 'सिजन'मा छ लाख आम्दानी

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ फागुन

जिल्लाकै उत्कृष्ट किसानका रूपमा परिचित बागलुङ नगरपालिका-९, तित्याङका पदम खत्रीले एउटै 'सिजन'मा रु छ लाखको काउली बिक्री गर्नुभएको छ। २०६६ सालदेखि निरन्तर तरकारी खेतीमा लाग्नुभएका उहाँ अहिले बागलुङका सफल किसानका रूपमा चिनिनुभएको छ।

उहाँले निजी, भाडा र बाँझो जग्गा गरी १८ रोपनी खेतबारीमा प्लास्टिक टनेल र टनेलबाहिर सिजन अनुसारका तरकारी उत्पादन गर्दै आउनुभएको छ। पदम खत्रीले एग्रो फार्ममा मौसमी र बेमौसमी टमाटर, काउली, बन्दा, साग, सिमी र घिरिम्लालगायत तरकारी फलाउँदै आउनुभएको छ । उहाँले गत वर्ष एउटै काउली नौ किलोको र यस वर्ष १२ किलोको फलाउन सफल हुनुभएको थियो।

उहाँ कृषि ज्ञान केन्द्रबाट पटक-पटक उत्कृष्ट किसानका रूपमा सम्मानित हुँदै आउनुभएको छ । "निरन्तर मेहनत गरे सफलता पाइँदोरहेछ, अहिलेको सिजनमा मात्रै छ लाखको काउली बजार पठाएँ, वर्षमा पाँच-छ लाखको त टमाटर नै बिक्री हुन्छ," खत्रीले भन्नुभयो, "आठवटा प्लास्टिक टनेल र खन्य खुल्ला रूपमा तरकारी उत्पादन हुँदै आएको छ, यस वर्ष काउलीको मूल्य राम्रो भएकाले धेरै नाफा भयो।" विसं २०६६ मा एउटा प्लास्टिक टनेलबाट तरकारीखेती थाल्नुभएका खत्री यस क्षेत्रकै सफल किसानका रूपमा परिचित हुनुहुन्छ। स्वदेशमा नै केही गर्न सकिन्छ भन्ने सोचका साथ कृषि कर्ममा तल्लीन खत्रीले वार्षिक रु १२ देखि १४ लाख आम्दानी गर्दै आउनुभएको छ। "अहिले काउली र ब्रोकाउली मात्रै १० क्विन्टल बिक्री गरेको थिएँ, छ लाख आम्दानी त एक सिजको काउलीबाटै भयो, अहिले काउलीको बजार मूल्य रु १०० सम्म परेकाले राम्रो आम्दानी भयो," उहाँले भन्नुभयो । तरकारीखेती फस्टाउँदै गएपछि भाडामा आठ रोपनी जग्गा लिएर १८ रोपनी जग्गा पुऱ्याउनुभएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# धम्पुसमा पालिका स्तरीय पुरुष तथा खुल्ला महिला भलिबल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

कास्कीको पर्यटकीय गाउँ धम्पुसमा बुधबार देखि तेस्रो माछापुच्छ्रे गाँउपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिका स्तरीय पुरुष तथा खुल्ला महिला भलिबल प्रतियोगिता-२०८१ हुने भएको छ।

माछापुच्छ्रे गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा माछापुच्छ्रे गाउँपालिका वडा नं.७ धम्पुसको व्यवस्थापन र माछापुच्छ्रे गाउँपालिका भलिबल संघको समन्वयमा फागुन १७ गते सम्म हुने उक्त प्रतियोगिताको तयारी पूरा भएको मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो। प्रतियोगिता अर्न्तगत पुरुष तर्फ १४ टिम र महिला तर्फ ५ टिमको सहभागिता रहेको माछापुच्छ्रे गाउँपालिका अध्यक्ष मिनबहादुर गुरुङले बताउनु भयो । प्रतियोगितामा पुरुष तर्फ प्रथम पुरस्कार २ लाख, द्धितीय पुरस्कार १ लाख र सेमी फाइनलमा उपविजेता दुइ टिमलाई ५०/५० हजार ट्रफि मेडल र प्रमाण पत्र प्रदान गरिने भएको छ । त्यसैगरी महिला तर्फ प्रथम पुरस्कार १ लाख, द्धितीय पुरस्कार ५० हजार र सेमी फाइनलमा उपविजेता दुई टिमलाई २५/२५ हजार ट्रफि मेडल र प्रमाण पत्र प्रदान गरिने भएको छ । पुरुष तथा महिला भलिवलमा विधागत उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर, मिडल ब्लकर, डिफेन्डर, सेटर सर्भर र प्रशिक्षकलाई पालिकाको लोगो अंकित खेल पोशाक पुरस्कार प्रदान गरिने भएको छ।

गत बर्ष पुरुष तर्फ विजेतालाई ३ लाख उपविजेतालाई २ लाख पुरस्कार प्रदान गरिएको थियो भने यस बर्ष महिला तर्फको इभेण्ट थप भएका कारण पुरस्कार राषि घटाइएको अध्यक्ष गुरुङले जनाउनु भयो । यस वर्ष देखि महिला भलिबल प्रतियोगिता समावेश गर्ने भएकोले प्रतियोगितामा अझै वढि रौनकता थपिने माछापुच्छ्रे गाँउ पालिकाकी उपाध्यक्ष सिता अधिकारीले दाबी गर्नु भयो। उक्त खेलको माध्यमबाट धम्पुस क्षेत्रको खेल पर्यटनको प्रबर्द्धन गर्न मद्धत पुग्ने उहाँले जनाउनु भयो। दोस्रो माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिका स्तरीय पुरुष भलिबल प्रतियोगिता-२०८० मा बौदीकाली गाउँपालिका नवलपुर प्रथम, र गल्कोट नगरपालिका बाग्लुङ दोस्रो भएको युवा तथा खेलकुद शिक्षा शाखाका प्राविधिक सहायक विष्णु प्रसाद अधिकारीले बताउनु भयो। उक्त प्रतियोगिताको अवसरमा राष्ट्रिय तथा स्थानिय कलाकारहरुको समेत बिषेश प्रस्तुती हुने भएको माछापुच्छ्रे गाउँपालिका ७ का वडा अध्यक्ष वैकुण्ठ भण्डारीले बताउनु भयो।


नवग्रह मन्दिरः स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-१, केटीचौरस्थित नवनिर्मित नवग्रह मन्दिर। नौ वटा ग्रहहरुको एकै ठाउँमा पूजाआजा गर्न मिल्ने नेपालकै पहिलो मन्दिर भएको गाउँपालिकाले जनाएको छ। तस्बिरः तोलाकान्त बगाले/रासस

# माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप भलिबल प्रतियोगिताको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

माछापुच्छ्रे गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा पर्यटकीय क्षेत्र धम्पुसमा हुने तेस्रो माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिका स्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगिता-२०८१ को तयारी पुरा भएको छ।

प्रतियोगिताको स्थानीय व्यवस्थापन माछापुच्छ्रे गाउँपालिका वडा नं. ७ धम्पुस र संयोजन माछापुच्छ्रे गाउँपालिका भलिबल संघ लाहाचोक कास्कीले गरेको छ। माछापुच्छ्रे गाउँपालिका वडा नं.७ धम्पुसको व्यवस्थापन र माछापुच्छ्रे गाउँपालिका भलिबल संघको समन्वयमा फागुन १४ देखि १७ गते सम्म हुने उक्त प्रतियोगितको तयारी पुरा भएको मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो। प्रतियोगितामा पुरुष तर्फ १४ र महिला तर्फ ५ टिमले सहभागि जनाउने माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मिन बहादुर गुरुङले जानकारी दिए। उनका अनुसार प्रतियोगितामा पालिकाबाट दुई जना राष्ट्रिय खेलाडिको समावेश गराउन पाउने व्यवस्था गरिएको छ।'यो प्रतियोगितामा दुई जान वाहिरी खेलाडी पनि राख्ने व्यवस्था मिलाइएकोले राष्ट्रिय




स्तरका खेलाडी पनि प्रतियोगितामा सहभागिता जनाउने छन्' अध्यक्ष गुरुङले भने,'राष्ट्रिय खेलाडीको सहभागित हुने भएकोले प्रतियोगिता थप रौनकता छाउने हामीले विश्वास लिएका छौ।'

प्रतियोगितामा पुरुष तर्फ प्रथम पुरस्कार २ लाख, द्धितीय पुरस्कार १ लाख र सेमी फाइनलमा उपविजेता दुइ टिमलाई ५०/५० हजार ट्रफि मेडल र प्रमाण पत्र रहेको छ। त्यसैगरी महिला तर्फ प्रथम पुरस्कार १ लाख, द्धितीय पुरस्कार ५० हजार र सेमी फाइनलमा उपविजेता दुई टिमलाई २५/२५ हजार ट्रफि मेडल र प्रमाण पत्र रहेको छ। पुरुष तथा महिला भलिवलमा विधागत उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर, मिडल ब्लकर, डिफेन्डर, सेटर सर्भर र प्रशिक्षकलाई पालिकाको लोगो अंकित खेलकुद पोशाक पुरुस्कार प्रदान गरिने छ। प्रतियोगिता सम्पन्न गर्नका लागि माछापुच्छ्रे गाउँपालिकाले १३ लाख रुपैया विनियोजन गरेको अध्यक्ष मिन बहादुर गुरुङले जानकारी दिए। यस वर्ष देखि महिला भलिबल प्रतियोगिता पनि समावेश गर्ने भएकोले प्रतियोगितामा अझै वढि रौनकता थपिने माछापुच्छ्रे गाउँपालिकाकी उपाध्यक्ष सिता अधिकारीले जानकारी दिइन्।

'धम्पुस परिचित एक पर्यटन गाँउ हो' उपाध्यक्ष अधिकारीले भनिन्,'पर्यटकी गाँउमा गरिएको यो प्रतियोगिताले पर्यटन सँगै खेल क्षेत्रको प्रवर्द्धन गर्न पनि मद्धत मिल्ने हामीले विश्वास लिएका छौ।' स्थानिय स्तरबाट खेलाडि उत्पादन गर्ने उद्देश्यका साथ आयोजना गर्न लागेको तेस्रो माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिका स्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगितामा खाना, खाज र वस्नको प्याकेजको व्यवस्था मिलाईएको माछापुच्छ्रे गाउँपालिका वडा नं. ७ का वडा अध्यक्ष बैकुण्ठ प्रसाद भण्डारीले जानकारी दिए। उनका अनुसार न्यूनतम १ हजारको दरले होमस्टे तथा होटलहरुमा खाना, खाजा र आवसको प्याकेजको व्यवस्था गरिएको छ। उनका अनुसार एक रातमा धम्पुस साना ठुला ४० होटलमा १ हजार जान सम्म राख्न सकिने छ। प्रतियोगितामा विविध साँस्कृति कार्यक्रम पनि रहने छ। प्रतियोगितामा राष्ट्रिय लोक दोहोरी गायक जीवन दाहाल, कुमार पुन, लोक दोहोरी गायक कमला सुनार, तथा हास्य व्यङ्य तथा गायक ललित पुन लगायत स्थानीय कलाकारको प्रस्तुति, स्थानीय आमा समूह, युवा क्लब, टोल विकास संस्था लागयतका संस्थाहरुको झाँकी पञ्चेबाजा तथा साँस्कृतिक सांगितक प्रस्तति रहने छ। प्रतियोगिता बढि भन्दा बढि टिम सहभागिता गराउनका लागि टिम शुल्क निशुल्क गरेको माछापुच्छ्रे गाँउपालिका खेलकुद विकास समितिकोका सदस्य सचिव हुमबहादुर गुरुङले जानकारी दिए। दोस्रो माछापुच्छ्रे गाँउपालिका अध्यक्ष कप गण्डकी प्रदेश पालिका स्तरीय पुरुष भलिबल प्रतियोगिता-२०८० मा बौदीकाली गाँउपालिका नवलपुर प्रथम, र गल्कोट नगरपालिका बाग्लुङ दोस्रो भएका थिए।

# पृथ्वीनारायण क्याम्पसमा स्ववियु निर्वाचनको नमुना मतदान

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

त्रिभुवन विश्वविद्यालयअन्तर्गतका क्याम्पसमा आगामी ५ चैतमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन हुने कार्यतालिका छ। विभिन्न विद्यार्थी संगठन र स्वतन्त्र ढंगले विद्यार्थीहरू आन्तरिक तयारीमा जुटेका छन्।

नेकपा (एमाले)निकट विद्यार्थी संगठन अनेरास्ववियुले पोखरास्थित पृथ्वीनारायण क्याम्पसमा स्ववियु निर्वाचनको तयारी स्वरूप विद्यार्थीहरूलाई मतदान अभ्यास गराएको छ। मंगलबार क्याम्पस गेटमा अनेरास्ववियु व्यवस्थापन संकाय कमिटी पृथ्वीनारायण क्याम्पसले स्ववियु नमुना मतदान कार्यक्रम गरेको हो। बिहान ६ बजेदेखि दिउँसो २ बजेसम्म प्रत्यक्ष र समानुपातिकतर्फको स्ववियु मतदान तरिकाबारे जानकारी गराइएको थियो। क्याम्पसमा अध्ययनरत करिब १ हजार ३ सय जना विद्यार्थी नमुना मतदानमा सहभागी भएको आयोजक अनेरास्ववियु व्यवस्थापन संकाय अध्यक्ष कुशल रेग्मीले जानकारी दिए। २०७३, २०७९ सालमा हुन नसकेको स्ववियु यसपटक जसरी पनि हुनुपर्ने पक्षमा आफूहरू रहेको अनेरास्ववियु क्याम्पस कमिटी संयोजक विराट दुवाडीले बताए। स्ववियु गराउनुपर्छ भन्ने दबाब दिन र विद्यार्थीलाई मतदान प्रक्रियाबारे जानकारी गराउन नमुना मतदान कार्यक्रम गरिएको संयोजक दुवाडीले बताए। 'कति विद्यार्थीलाई स्ववियु के हो भन्ने थाहा नहुन सक्छ, यसमा भाग किन लिने भन्ने थाहा हुँदैन। त्यही बुझाउन हामीले नमुना मतदान गरेका हौं,' उनले भने।

त्रिविअन्तर्गत देशकै ठूलो आङ्गिक क्याम्पस पृथ्वीनारायणमा २०६५ सालपछि स्ववियु निर्वाचन हुन सकेको छैन। स्ववियु विद्यार्थीको हकहितका लागि बोल्ने साझा संस्था भएको र यसको निर्वाचनमा कसैले पनि अवरोध गर्न नहुने संयोजक दुवाडीले बताए। कति विद्यार्थीले स्ववियु निर्वाचन गराउन दबाब दिन हस्ताक्षर अभियान चलाउन सुझाव पनि दिएको संयोजक दुवाडीले सुनाए। नमुना मतदानको निरीक्षणमा अनेरास्ववियु केन्द्रीय महासचिव नरेश रोकाया, स्थायी कमिटी सदस्य विजय पौडेल, केन्द्रीय सदस्य अनुप लामिछाने, विष्णु पोखरेल, विनय पराजुली, अनेरास्ववियु जिल्ला अध्यक्ष सन्तोष पोखरेललगायत पुगेका थिए। महासचिव रोकायाले पृथ्वीनारायण क्याम्पस आन्दोलनको उर्वर भूमि भएकाले त्यो विरासतलाई



जोगाउनुपर्ने बताए। उनले पीएन क्याम्पसमा अनेरास्ववियुले हार्न नजानेको र अबको स्ववियु निर्वाचनमा पनि हार्ने छुट नभएको बताए। सोमबार पोखरा आएका रोकाया अनेरास्ववियुका कास्कीमा उपलब्ध विद्यार्थी नेताहरूसँग स्ववियु निर्वाचन केन्द्रीत भेलामा पनि सहभागी भएका थिए।

अनेरास्ववियु केन्द्रीय सदस्य विष्णु पोखरेलले स्ववियु निर्वाचन हुने वातावरण बनाउनुपर्ने पक्षमा आफूहरू रहेको सुनाए। उनले स्ववियु निर्वाचन हुन नदिने गतिविधिमा संलग्न नहुन अन्य विद्यार्थी संगठन र क्याम्पसलाई आग्रह गरे। '१६ वर्षदेखि स्ववियु निर्वाचन हुन सकेको छैन। कति प्रशासनिक काममा समस्या देखिएको छ। क्याम्पसको गरिमा घटेको छ। विद्यार्थी अभिभावकविहीन हुन परेको छ,' उनले भने, 'योपटक निर्वाचन गरिनुपर्छ भन्नेमा सबै सकारात्मक छौं।' स्ववियु निर्वाचनअन्तर्गत प्रत्यक्ष र समानुपातिक दुवै तर्फको उम्मेदवारको मनोनयन पत्र नामावली दाखिला गर्ने समय २७ फागुनका लागि तोकिएको छ। दुवै तर्फको उम्मेदवारको अन्तिम नामावली २९ फागुनमा सार्वजनिक गरिने छ। ५ चैतमा बिहान ८ बजेदेखि दिनको ४ बजेसम्म मतदान हुने कार्यतालिका छ। पृथ्वीनारायण क्याम्पसमा करिब १२ हजार ५ सय मतदाता रहने अनुमान छ। मतदाता नामावली प्रकाशन भएपछि यो संख्या यकीन हुनेछ। पृथ्वीनारायण क्याम्पसको स्ववियु सभापति भएकाहरू नेपाली राजनीतिमा स्थापित भएको विगत छ। त्यसैले पनि यो क्याम्पसमा स्ववियु सभापति हुन निकै प्रतिस्पर्धा हुने गरेको छ। पृथ्वीनारायण क्याम्पसको स्ववियु सभापति भएका कास्कीका सोमनाथ अधिकारी प्रदेश प्रमुख, खगराज अधिकारी संघ सरकारको मन्त्री र गण्डकीको मुख्यमन्त्री भइसकेका छन्। पर्वतका पदम गिरी संघ सरकारको मन्त्री भए। कास्कीका राजीव पहारी २०७४ सालको निर्वाचनमा गण्डकी प्रदेश सभा सदस्य निर्वाचित भए। अर्का सभापति कास्कीका धनराज आचार्य हाल पोखरा महानगरपालिकाको मेयर छन्।

# माछापुच्छ्रे माविमा एक लाखको अक्षयकोष स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

माछापुच्छ्रे माध्यमिक विद्यालय माछापुच्छ्रे गा पा- २, भुर्जुङ्खोला कास्कीको ५७ औं बार्सिकोत्सबको अबसरमा विद्यालयका संस्थापक स्वर्गीय ढाकामोहन आचार्यका ठूलाकान्छा छोरा, उच्च अदालतका पूर्व न्यायाधिश, समाजसेवी, शिक्षाप्रेमी, गित रचनाकार आदरणीय विनोदमोहन आचार्य र उहाँको सपरिवारद्धारा एक लाख मात्रको अक्षयकोषको स्थापना गर्नुभएको छ।

उक्त अक्षयकोषको रकमको व्याजबाट वर्षेनी यस विद्यालयका कक्षा ९ र १० अध्ययन गर्ने १/१ जना छात्र वा छात्रालाई छात्रवृति वितरण गरिनेछ। अक्षयकोष दाता आदरणीय विनोद मोहन आचार्यले बिगतमा पनि बिद्यार्थी




सहयोग समिती, सार्दिखोला मार्फत एक लाख को अक्षयकोष स्थापना गरि माछापुच्छ्रे गा.पा. वडा नम्बर १, २ र ३ का कक्षा ११ मा अब्बल विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आउनुभएको छ। सोही अवसरमा पुर्व अक्षयकोषदाता धनबहादुर गुरुङ्ग "गमा" ले पनि आफ्नो अक्षयकोषमा २०,००० थप गर्नुभएको छ। साथै ७८ वर्षिय भुर्जुङ्गखोलाकी चेली दानशोभा गुरुङ्ग हाल दिप पोखराले पनि आफ्ना स्वर्गीय बाबा सत्तलसिंह गुरुङ्गको स्मृतिमा ५५,००० को अक्षयकोष खोल्नुभएको छ। विद्यालयको ५७ औं वार्षिकोत्सव कार्यक्रमका प्रमुख अतिथि शिक्षा बिकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्यले अक्षयकोष दाताहरुको थप रकमले कमजोर आर्थिक पृष्ठभूमि भएका बालबालिकाहरुलाई पनि शैक्षिक सामाग्री तथा अन्य शैक्षिक आवश्यकता पुरा गर्दै विद्यालय शिक्षालाई निरन्तर दिन सहयोग पुर्याउने भन्दै अक्षयकोष दाता परिवारलाई धन्यवाद दिनुभएको थियो।

विद्यालय ब्यवस्थापन समितीका अध्यक्ष बम बहादुर गुरुङको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा बिधालयका प्रधानाध्यापक सन्तोष आचार्यले स्वागत मन्तव्य राख्नुभएको थियो भने वडा अध्यक्ष गणेश आचार्य, माछापुच्छ्रे गापा शिक्षा शाखाका बिष्णु प्रसाद अधिकारीले विद्यालयलाई शुभकामना दिनुभएको थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# महाशिवरात्रिको शुभकामना

महाशिवरात्रि पर्वका लागि पशुपति क्षेत्रमा सबै तयारी पूरा भएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ। प्रधानमन्त्री केपी शर्मा ओली महाशिवरात्रिको अघिल्लो साँझ पशुपतिनाथ पुगेर दर्शन गर्ने र आरतीमा सहभागी भएका छन। देशको कार्यकारी प्रमुखले देखाएको चासो र पशुपतिनाथ मन्दिरमा दर्शनमा जानू देशले कति महत्त्व दिएको छ भन्ने हो। पर्व मनाउन आराध्यदेव भगवान् पशुपतिनाथ मन्दिरमा श्रद्धालु भक्तजन, साधुसन्त र दर्शनार्थीको उपस्थिति अघिल्लो दिनदेखि वृद्धि भएको छ। यस वर्ष एक दशकयताकै सर्वाधिक भक्तजन यहाँ आउने अनुमान कोषले गरेको छ। त्यसैअनुसार पशुपति क्षेत्रमा सबै तयारी गरिएको छ। भारतको प्रयागराजमा भइरहेको महाकुम्भबाट धेरै साधुसन्त पशुपतिनाथको दर्शन गर्न आउने अनुमान गरिएको छ।

गत पुसमा 'पशुपति दर्शन अभियान' मार्फत भारतमा धार्मिक अभियानकर्मी, राजनीतिक दल, व्यवसायी र सामाजिक अभियानकर्मीसँग प्रत्यक्ष संवाद भएको थियो। यस वर्ष महाशिवरात्रिमा दर्शनार्थी बढ्ने आशा गरिएको छ। पर्व सम्पन्न गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री एवं कोष सञ्चालक परिषद्का अध्यक्ष बद्रीप्रसाद पाण्डेको अध्यक्षतामा २०१ सदस्यीय मूल समारोह समिति गठन गरिएको छ। सो समितिले पनि सक्रियताका साथ काम गरिरहेको छ। मन्त्री पाण्डेको निर्देशन र प्रत्यक्ष उपस्थितिमा कोषले तयारीका काम गरिरहेको छ। पर्व सम्पन्न गर्न नौ वटा विषयगत उप-समिति गठन गरिएका छन्। पशुपतिनाथ आउने दर्शनार्थीलाई सहज सेवा दिन सम्पूर्ण ध्यान केन्द्रित भएको दावी कोषको छ। यसपटक पर्व उल्लासमय वातावरणमा मनाइँदै छ। पशुपति क्षेत्र फूल र बत्तीले सिँगारिएको छ।

नेपाल, भारत, भुटान, बङ्गलादेश, म्यान्मारसहित विश्वका धेरै देशबाट भक्तजनको उपस्थिति भइरहेको छ। व्यवस्थित रूपमा पूजाआजा र दर्शनको व्यवस्थाका लागि बुधबार बिहान २ बजेदेखि नै मन्दिरका चारवटै ढोका खोल्ने निर्णय भएको सदस्य सचिव थापाले जानकारी दिएका छन। कोषको प्राथमिकता भक्तजनको सुविधा र सहजता भएकाले त्यसैअनुरुप काम हुने विश्वास छ। दर्शनार्थी, साधुसन्त एवं भक्तजनको संख्या वृद्धि भएकाले सुरक्षा तथा स्वास्थ्यका मापदण्ड पालना गर्न कोषले आह्वान गरेको छ। पशुपति क्षेत्रमा सुरक्षा व्यवस्थापनका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभागको टोली परिचालन गरिएको छ। सुरक्षा निकायसँगै कोषको आफ्नो सुरक्षा टोली पनि पशुपति क्षेत्रमा खटाइएको छ। साधुसन्त, महन्थ र भक्तजनको सुरक्षालाई विशेष ध्यान दिएर अनुगमनको प्रबन्ध गरिएको छ।

सामाजिक एवं धार्मिक संघसंस्था परिचालन गरी पर्वलाई सहज रूपमा व्यवस्थापन गर्न लागिएको छ। यसमा कालिका साधना संघ, नेपाल रेडक्रस, स्काउट, लायन्स क्लब र धार्मिक संघ सङ्गठनका तर्फबाट स्वयंसेवक खटाइएको कोषले जनाएको छ। भक्तजनका लागि स्वास्थ्य सेवाको उचित व्यवस्था गरिएको छ। अस्पतालमा शय्या बुक गर्ने तथा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलसँगै विभिन्न क्षेत्रबाट स्वास्थ्यकर्मी, औषधि र एम्बुलेन्स तयारी अवस्थामा राखिएको कोषले जनाएको छ।मन्दिर परिसरमा रहेको धर्मशालामा साधुसन्तका लागि बस्ने व्यवस्था गरिएको छ। तिलगङ्गासँगै हंशमण्डप, वनकालीसहितका क्षेत्रमा निःशुल्क आवास, भोजन आदिको व्यवस्थापन गरिएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले शिवरात्रिको पुर्वसन्ध्यामा पशुपतिनाथ मन्दिरमा पुगेर दर्शन गरेका छन।त्यहाँको अवस्थाको जानकारी लिने र दर्शनार्थीलाई सहज र छिटो कसरी बनाउन सकिन्छ भन्नेबारे आवश्यक निर्देशन दिएका छन।

हिन्दु धर्मावलम्बीले शिवरात्रिलाई धुमधामका साथ मनाउँछन। शिव मन्दिरमा गएर पुजा गर्ने, राति धुनी लगाउने काम हुन्छ।शिवको बुटी भनेर गाँजा र भाङ धतुरो खाने र बिक्री गर्ने गरिन्छ।विक्रितिको रुपमा फैलिएको गाँजा भाङ धतुरो खान र बेच्नेलाई कार्वाही गर्न प्रहरीको सक्रियता अपेक्षित छ। शिवरात्रिको अवसरमा समस्त हिन्दु धर्मावलम्बीलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाव |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# अल्प ज्ञानम् भयंकरम

बाबुराम पौडेल



अल्प ज्ञानम् भयंकरम एक संस्कृत उक्ति लेख्दा भन्दा र सुन्दा जति सहज भएता पनि यसको मर्म/ भाव/ अर्थ निकै गहिरो रहेको छ। यो प्रसिद्ध भनाइले कुनै पनि विषयको अधुरो ज्ञान भएमा खतरानाक हुने कुरालाई जनाउँछ। अन्य ज्ञानमा कारणअल्प ज्ञानका कारण व्यति पछि आफू लज्जास्पद हुन बाहेक केही विकल्प हुदैन। नेपाल जस्तो देशमा यो भनाइ देशको हरेक क्षेत्रमा उपयुक्त रहेको मान्न सकिन्छ। संघीय शासन प्रणाली देखि यस सँग आबद्ध सबै क्षेत्रहरुमा नकरात्मक असर परि विकासको गतिविधि सबै उधो गतितर्फ गइरहेको देखिन्छ। वि स २०७८ सालको जनगणना अनुसार देशको साक्षरता दर ७६.२% रहेता पनि दक्ष जनशत्ति विदेशी अर्ध जनशत्ति रहेको कारण देशको राजनीतिक, सामाजिक, शैक्षिक वातावरण निरन्तर रुपमा खलवल्ली रहेको छ।

देशको राजनैतिक उत्तरचढाप कारण आज देशको हरेक क्षेत्र नराम्रोसँग बजारिएको छ। नेतृत्वकर्तामा योग्यता र ज्ञान नहुदा स्वर्गको टुक्रा जस्तो देशको सुन्दरता दिनानुदिन कुरूप बन्दै गइरहेको विभिन्न दृष्टान्तहकले देखाउने छ। फाल्गुण ३ गतेका दिन पोखरा भ्रमणवर्ष २०२५ को औपचारिक समुद्घाटन कार्यक्रममा वर्तमान संघीय सरकारका उपप्रधानमन्त्रि तथा अर्थमन्त्री माननीय विष्णु पौडेल र पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य को उपस्थिती रहेको थियो। उत्त कार्यक्रमको समुद्घाटन गर्ने क्रममा दुर्घटना भई उहाँ दुई जनालाई उपचार्थ अस्पताल लगिएको थियो। उता संघीय संसदमा देशको एक जना माननीयज्यूले सिध्र लाभको कामना दिने क्रममा काठमाण्डौं महानगरपालिकाका मेयर वालेन्द्र शाहलाई दिइरहेको अवस्था थियो। यसैगरी भारतको ओडिसास्थित किट विश्वविद्यालयमा बुटवलकी प्रकृति लम्सालको मृत्युबारे छानविन हुनुपर्छ भन्दै अर्को माननीयज्यूले राष्ट्रिय सभामा लेखको पदन नजान्दा कति हदसम लाचारीपन भयो त ? के यसले अल्प ज्ञानम भयंकरम भन्ने भनाइलाई मेल खायन र !

ठूला राजनितिक पाटिभित्र फुट, गुट र आन्तरिक कलहका कारण देशको अवस्था थिलो थिलो परेको छ। त्यसैमाथि भ्रष्टाचारले सिमा नाघिसकेको छ। त्यही भएर होला सन् २०२२ को सि.पि.आइका अनुसार नेपाल भ्रष्टाचार गर्नेमा ११० स्थानमा पर्दछ। देशको सामाजिक क्षेत्रलाई नियाल्दा विचाराधिन रहेको देखिन्छ। जस्तो देश उस्तै भेष भनेर नै होला सरकारका नेतृत्व गर्न व्यत्तिको अर्ध ज्ञानका कारण समाजमा पनि त्यस्तै व्यत्तिको हालीमुहाली रहेको देखिन्छ। समाजमा अर्ध जनशक्तिको बहुलियता भएका कारण विद्यमान समाजमा धेरै जसो अपराधिक गतिविधि बढीरहेको देखिएको छ। यसरी अनुसन्धान गर्दा समाजमा मपाई भन्नेहरुको जमाथ जुवा, तास खेल्ने, पिय पर्दाथ लिने लगायतका कुराहरु बढ्दै जादा सामाजीक विकासका गतिविधिमा खल्बलिएको देखिन्छ। कुनै पनि ज्ञान नहुदैमा हात हाल्दा नराम्रो असर पर्ने कुराको संकेत गर्दछ।

देसको समग्र शैक्षणिक विकासको कुरा गर्नुपर्दा त्यति धेरै परिवर्तन आएको देखिदैन। देशको साक्षरता सैद्धान्तिक रूपले बढेपनी व्यवहारमा त्यस्तो ठूलो परिवर्तन आएको छैन। विद्यार्थीहरूको दिमाख फराकिलो र कुनै पनि विषयमा दक्ष हुनुपर्नेमा ठिक उल्टो भएको छ। तर यसो हुनुमा शिक्षा क्षेत्रमा राजनीतिलाई प्रसय दिनु एक प्रमुख कारणका रुपमा लिन सकिन्छ। विद्यालय परिसरमा विद्यार्थीलाई राजनीतिक तवरले परिचालन गर्दा विद्यार्थीको कुनै पनि विषयमा सक्षम भएको पाइएको छैन। जसले गर्दा विद्यार्थी वादरको पुच्छर लौरो न हतियार भएका छन। देशमा शिक्षा एन भएता पनि त्यसको कार्यन्वयनको प्रभावकारीता फितलो भाएकै कारण शिक्षा क्षेत्र कमजोर बन्दै गएको देखिन्छ। गाउँमा त शिक्षा क्षेत्र माथि नउठ्नुमा त्यहाँ रहेका सामाजिक समस्या लगायत त्यहाको राजनीति हुनसक्छ। तर आश्चर्य लाग्ने कुरा के हो भने शहरीकरणका हरेक सुविधा भएको स्थानमा शिक्षकले विद्यार्थीहरुलाई बन्धक बनाएकै कारण विद्यार्थी राजनीति गर्न बाध्य छ। यस्तो घटना नेपालका प्रमुख शहर हरुमा देखिएको छ। जुन हामीले समाचारमा सुनिरहेका छौं। विद्यार्थीहरुलाई शिक्षित र नैतिकवान गराउनुको सट्टा केहि गैरजिम्मेवारी शिक्षकहरुले उनिहरुलाई अहितकारी क्रियाकलाप गर्न प्रेरित गरेका छन। यस्तो भएपछि त्यसता शिक्षकले विद्यार्थीको शिक्षाको गुणस्तर कसरी माथी उठाउन सक्छ ? देशभित्र रहेका सक्षम जनशक्तिले संस्थाको हितका लागि केहि गर्न खोज्दा अर्ध जनशक्तिको जमाथले कसरी काममा वाधा पुऱ्याउन सकिन्छ भनेर सोच्नु कतिको उचित हुन्छ ? नामको मात्र शिक्षक र विद्यार्थीमा ज्ञान बाढ्न नसक्ने शिक्षकलाई नियुक्ति गर्दा भविष्यमा ठूलो क्षेति संस्था, विद्यार्थी, समुदाय, समाज र राष्ट्र व्यहोर्नु पर्ने देखिन्छ। यसैगरी आफूलाई जिम्वेवारी सोचेर पदमा रहेको व्यत्तिले अर्को जिम्मेवारी व्यक्तिका क्रियाकलापमा हस्तक्षेप गर्दा कसरी शिक्षा क्षेत्र दरो हुन सक्छ ? यो क्षेत्रमा सवैको ज्ञान र साथले अघि बढेमा सबैको भलो हुने देखिन्छ।

अन्तमा देशका हरेक विकासका गतिविधि सञ्चालन गर्नका लागि दक्ष जनशत्तिलाई हस्तान्तरण गरिनुपर्छ। योग्य व्यत्तिलाई अघि बढ्न नदिदा आज देश कंगाल बन्न पुगेको छ। यसरी यस्तै परिपाटि देशको सामाजिक क्षेत्र लगायत शिक्षा क्षेत्र हुदै आएको छ। जसले गर्दा देशमा गरीबी भोकमरी भ्रष्टाचार बढ्दै गएको छ। यसो हुनुमा देशको नेतृत्वकर्ताहरुले आफूमा ज्ञान कम भएको महसुष गर्नुपर्ने हुन्छ। क्षमतावान व्यत्तिलाई अब आउने २०८४ को निर्वाचनमा निर्वाचित गराई देशको काचुली फेर्न दिनुपर्छ। यो सबैको जिम्वेवारी हो। यी माथि उल्लेखीत घटनाक्रमले अल्प ज्ञानम् भयंकरम भन्ने उत्तीलाई चित्रण गरेको देखिन्छ।

शिक्षक

# वडा नं. १४ मा अन्तर वडास्तरीय पुरुष भलिबल हुने

पोखरापत्र संवाददाता
पोखरा, १३ फागुन

पोखरा महानगरपालिका वडा नं. १४ को आयोजनामा वडाअध्यक्ष कप अन्तर वडास्तरीय पुरुष भलिबल प्रतियोगिता हुने भएको छ। खेलकुद विकास समिति वडानम्बर १४ को व्यवस्थापन र मनोहर युवा क्लबको सहकार्यमा वडाले भलिबल प्रतियोगिता गर्न लागेको हो। खेलको माध्यमबाट पोखरा महानगरका वडा-वडाबाट खेलाडी उत्पादन गर्ने र वडालाई भलिबलको हव बनाउने उदेश्य रहेको वडाध्यक्ष बोधबहादुर कार्कीले बताए। खेल गतिबिधि बढाउन सकियोस् भन्ने उदेश्यले वडामा खेलकुद विकास समिति गठन गरिएको उनले जानकारी दिए।

यही फागुन २२ देखि २४ गतेसम्म संचालन हुने प्रतियोगिता मनोहर युवा क्लवको खेल मैदान मनकामना टोलमा हुनेछ। सबै वडालाई पत्र पठाइएको र सहभागिताको लागि आग्रह गरिएको अध्यक्ष कार्कीले बताए। यही फागुन २० गतेसम्म टिम दर्ता गर्न सकिने छ। खेलकुद विकास समिति पोखरा १४ का अध्यक्ष शिवशंकर जिसीले प्रतियोगिता विजेताले १ लाख १ हजार ४१४, उपविजेताले ५५ हजार १४, तेस्रो हुनेले २५ हजार १४ र सान्त्वना हुने वडाले १५ हजार १४ रुपैया पुरस्कार पाउने जानकारी दिए। त्यस्तै विधागत तर्फ ५ खेलाडीलाइ पुरस्कृत गरिनेछ। सर्वोत्कृष्ट खेलाडीले ७ हजार १४ पुरस्कार पाउने छन् भने उत्कृष्ट ४ खेलाडी जनही ५ हजारका दरले पुरस्कृत हुनेछन्। टिम दर्ताका लागि ७ हजार पाँच सय श्ुल्क लाग्ने मनोहर युवा क्लवका अध्यक्ष एवं प्रचारप्रसार उपसमितिका संयोजक रामजी जिसीले जानकारी दिए। प्रतियोगितामा सहभागि हुने टिमले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी २ जना समावेस गर्न सक्नेछन् भने अन्य खेलाडी सबै वडाको स्थाइ वासिन्दा वा मतदाता हुनुपर्ने छ। प्रतियोगिता पोखरा महानगरपालिका अन्तरगतका ३३ वटा वडाबाट टिम दर्ता गर्न सकिने छ। प्रतियोगिता सम्पन्न गर्न १६ लाख ६२ हजार खर्च लाग्ने अनुमान गरिएको छ।

# बन्दीपुरमा सोमबारदेखि राष्ट्रिय साहित्यकार सम्मेलन

पोखरापत्र संवाददाता
दमौली, १३ फागुन

पहाडकी रानी उपनामले परिचित पर्यटकीयस्थल बन्दीपुरको पर्यटन प्रवर्द्धनका लागि तीन दिने राष्ट्रिय साहित्यकार सम्मेलन हुने भएको छ।

सोमबार यहाँ आयोजित पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार गोरखापत्र संस्थान र पद्मा पुस्तकालयको आयोजनामा यही फागुन १२-१४ गतेसम्म साहित्यिक सम्मेलन हुने छ। बन्दीपुरलाई साहित्यको माध्यमबाट प्रचारप्रसार गर्ने उद्देश्यले साहित्यिक सम्मेलन आयोजना गरिएको सम्मेलनका संयोजक एवं बन्दीपुर पद्मा पुस्तकालयका अध्यक्ष सुदर्शन प्रधानले जानकारी दिनुभयो। "देशैभरीका साहित्यकार बन्दीपुर आउन् र यहाँको सन्दरताको बारेमा लेखुन् भन्ने चाहना राखेर सम्मेलन गरेका हौँ", उहाँले भन्नुभयो। प्राकृतिक, सामाजिक र सांस्कृतिक, मौलिक र विविधतायुक्त बन्दीपुरलाई आँखाले देखेर, सुनेर र अध्ययन गरेर साहित्य रचना होस् भनि कार्यक्रमको आयोजना गरिएको पद्मा पुस्ताकालयका संरक्षक नमस्तेलाल भूमी श्रेष्ठले बताउनुभयो। मधुपर्कले 'आँखामा मधुपर्क र मनमा बन्दीपुर' नाम विशेषाङ्क प्रकाशित गर्ने जनाएको छ। साहित्यकार सम्मेलनले ऐतिहासिक सिङ्गो बन्दीपुरको राष्ट्रिय तथा अन्तर र्ष्ट्रियस्तरमा प्रचारप्रसारमा टेवा पुग्ने नेपाली लेखक सङ्घ तनहुँका अध्यक्ष तथा साहित्यकार शङ्करराज नहर्कीले बताउनुभयो। सम्मेलनको प्रायोजकमा बन्दीपुर गाउँपालिका र सहप्रायोजकमा कुन्ती स्मृति प्रतिष्ठान रहेका छन्। सहयोगी संस्थाहरु क्षेत्रीय होटल सङ्घ बन्दीपुर, तनहुँ उद्योग वाणिज्य सङ्घ बन्दीपुर बजार एकाइ, रेवान तनहुँ, बन्दीपुर पर्यटन विकास समिति, प्राकृतिक पर्यावरण संरक्षण मञ्च छन्।

# मार्ग खुलेको १५ वर्षपछि सडक स्तरोन्नति सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, १३ फागुन

म्याग्दीको मङ्गला र बागलुङको ताराखोला गाउँपालिका जोड्ने पखेर-बरङ्जा-महेश-धापुङ-ताराखोला सडक मार्ग खुलेको १५ वर्षपछि स्तरोन्नति थालिएको छ।

विसं २०६६ मा मार्ग खुलेको मङ्गला गाउँपालिकाको ३, ४ नम्बर वडा र बागलुङको ताराखोला गाउँपालिकाका बासिन्दाले प्रयोग गर्ने यो सडक सामान्य मर्मत गरेर यातायात सञ्चालन हुँदै आएको थियो। बरङ्जा म्याग्दीको धेरै जनघनत्व भएको साविकको गाविस हो। पूर्वाधार विकास कार्यालयले म्याग्दीका प्रमुख विष्णु पौडेलले मङ्गला गाउँपालिका-३ पखेरदेखि बरङ्जाखण्डको सडक स्तरोन्नति गर्न सञ्चालन गरेको योजना निर्माण सुरु भएको तीन महिनामा ४० प्रतिशत भौतिक प्रगति भएको बताउनुभयो। गत मङ्सिर महिनादेखि कार्यक्षेत्रमा परिचालित भएको निर्माण कम्पनीले यस वर्ष विनियोजन भएको रु एक करोड ६० लाख बजेट बराबरको काम तीन महिनामै गरेको छ", उहाँले भन्नुभयो, "विनियोजित बजेट सकिएपछि रकमान्तर गर्न मन्त्रालयमा प्रस्ताव गरेका छौँ।" पखेरदेखि खर्कटोलसम्म तीन किलोमिटर पाँच सय मिटर सडकलाई सात मिटरका दरले फराकिलो बनाएर नाली र टेवा पर्खाल निर्माण गरिरहेको छ।

खर्कटोलका बासिन्दा वीरबहादुर पौडेलका अनुसार तीनदेखि तीन दशमलव पाँच मिटर फराकिलो कच्चि सडकको घुम्ती, ग्रेड नमिलेको, साँघुरो सडक जोखिमयुक्त थियो। सडक स्तरोन्नति भएपछि यात्रा सहज हुने अपेक्षा गरेको उहाँले बताउनुभयो।

ग्रेड र घुम्ती सुधार, नाली र पर्खाल निर्माण सकेपछि ग्राभेल तथा केही ठाउँमा ढलान गर्ने योजना छ। निर्माण कम्पनीका प्रतिनिधि नवराज कार्कीले बजेट अभावका कारण धमाधम भइरहेको सडक निर्माणको काम रोक्नुपर्ने अवस्था आएको बताउनुभयो। गण्डकी प्रदेश सरकारले रु १० करोड बजेट व्यवस्था गरेको यो सडक निर्माणका लागि एनके युनाइटेड जेभीले २०८१ असारमा रु पाँच करोड ८६ लाख तीन हजारमा ठेक्का सम्झौता गरेको थियो। ठेक्काको अवधि १८ महिनाको हो। म्याग्दी १(२) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले गत वर्ष रु दुई करोड विनियोजन गरेर आर्थिक मामिला मन्त्रालयबाट स्रोत सुनिश्चितता गराई ठेक्का लगाएको योजनामा यसपालि बजेट कटौती गर्दा निर्माण प्रभावित भएको बताउनुभयो। "प्रदेश सरकारबाट पखेर-बरङ्जासहितम्याग्दीमाएकैसाथ सात वटा सडक स्तरोन्नति र दुई वटा मोटरेबल पुल निर्माण गर्न विभिन्न निर्माण कम्पनीसँग रु ६७ करोड ७८ लाखमा ठेक्का सम्झौता भएको थियो", उहाँले भन्नुभयो, "रु पाँच करोड बजेट चाहिने योजनाका लागि दुई करोड र एक करोड ६० लाखका दरले बजेट विनियोजन गरेकाले निर्माण कार्य प्रभावित भएको हो।" बजेट अभावका कारण म्याग्दीका सडक र मोटरेबल पुल निर्माण आयोजना प्रभावित भएका विषयमा गत हप्ताको प्रदेशसभाको बैठकको शून्य समयमा जुग्जालीले सरकारको ध्यानाकर्षण गराउँदै विभागीयमन्त्रीको जवाफ माग्नुभएको थियो।

# छ सय विपन्न परिवारको निःशुल्क स्वास्थ्य बिमा

पोखरापत्र संवाददाता
स्याङ्जा, १३ फागुन

चापाकोट नगरपालिकाले छ सय विपन्न परिवारको निःशुल्क स्वास्थ्य बिमा गरेको छ।

नगरपालिकाका १० वटा वडामध्ये प्रत्येक वडाका अति विपन्न ६० घर परिवारका दरले छनोट गरी नगरपालिकाले निःशुल्क स्वास्थ्य बिमा गरिदिएको हो। आर्थिक अभावकै कारण आधारभूत स्वास्थ्य सुविधा पाउनबाट बञ्चित नहोउन् भन्ने उद्देश्यले स्वास्थ्य बिमा गरिदिएको नगर प्रमुख देवबहादुर खाँडले बताउनुभयो। उहाँले भन्नुभयो, "नेपाल सरकारले लागू गरेको स्वास्थ्य बिमा अभियानमा आवद्ध बनाइ स्वास्थ्य सेवालाई अति विपन्न वर्गको पहुँचसम्म पुऱ्याउन निःशुल्क स्वास्थ्य बिमा गरिदिएका हौं।" नगरपालिकाले चालु आर्थिक वर्षमा अति विपन्न समुदायको स्वास्थ्य बिमा गर्न रु २५ लाख ६० हजार बजेट विनियोजन गरेको थियो। विनियोजित बजेटबाट पहिलो चरणमा छ सय परिवारको बिमा गरिएको र दोस्रो चरणमा अपाङ्गता भएका र अन्य विपन्न गरी एक सय २५ जनाको बिमा गरिदिने नगरपालिकाले जनाएको छ। चालु आर्थिक वर्षमा सात सय २५ जनाको स्वास्थ्य बिमा गर्न बजेट विनियोजन गरेकामा आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि थप बजेट व्यवस्थानको तयारी गरिरहेको नगरपालिकाले जनाएको छ। नगरपालिकाले स्वास्थ्य बिमा बनाइदिएका नागरिकलाई बिमा कार्ड वितरण गरेको छ। स्वास्थ्य बिमा कार्ड बनाइदिएसँगै पाँच जनाको परिवारलाई रु एक लाखसम्मको स्वास्थ्य उपचार सेवा निःशुल्क प्राप्त हुने भएको छ।

# एकदिवसीय क्रिकेट: तनहुसँग हारेपछि स्याङजा बाहिरियो

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

सन्दीप पराजुलीको कसिलो बलिङ र ओपनर समीर कँडेलको उत्कृष्ट व्याटिङ प्रेरित तनहुँले स्याङजालाई ८ विकेटले पराजित गरेको छ । हारसँगै प्रधानमन्त्री कप एकदिवसीय गण्डकी प्रदेशस्तरीय क्रिकेट प्रतियोगितबाट स्याङजा बाहिरिएको छ । अघिल्लो दिन बाग्लुङलाई पराजित गर्दै फाईनल सम्भावना रहेपनि हारसँगै बाहिरिन पुग्यो ।

टस जितेर व्याटिङ गरेको स्याङजाले निकै कमजोर शुरुवात गर्‍यो । पोखरा रंगशाला क्रिकेट मैदानमा मंगलबार भएको प्रतिस्पर्धामा ओपनर करन पँगेनी र ईश्वर क्षत्री सस्तैमा आउट भए । तेस्रो नम्बरमा आएका सौजन्य रेग्मीले १०२ बल खेल्दै ४३ रन बनाउँदै केही आशा जगाए । तर उनको पतनसँगै स्याङजा फेरी कमजोरी देखियो । छैटौं नम्बरमा आएका सुजन गौतमले ८८ बल खेल्दै ४ चौका र २ छक्का प्रहार गर्दै ८२ रनको इनिङ खेल्दै स्याङजाको इज्जत जोगाए । त्यपछि मिलन क्षत्रीले २१ रनको योगदान दिएपछि ५० ओभरमा सबै विकेट गुमाउँदै २०१ रनको सम्मानजनक स्कोर तयार पार्‍यो । तनहुँका लागि सन्दीप पराजुलीले १० ओभरमा तीन मेडन राखे । ३९ रन खर्चिएर ४ विकेट लिए । त्यपछि चन्द्रकान्त पौडेलले १० ओभरको स्पेलमा एक मेडनसहित ४१ रन दिएर ३ विकेट लिए । २०२ रनको लक्ष्य पछ्याएको तनहुँले भने ४६ ओभरमा दुई विकेटको क्षतिमा पुरा गर्दै फाईनल प्रवेश गर्‍यो । ओपनर समीर कँडेलले उत्कृष्ट व्याटिङको नमूना पेश गरे । उनले १३० बल खेल्दै ७ चौका र १ छक्का प्रहार गर्दै ८७ रनको योगदान दिए । अर्का ओपनर दिपेश अधिकारीले पनि ६८ बल खेल्दै ४४ रनमा आउट भए । उनको स्कोर कार्डमा पनि ६ चौका र १ छक्का लेखियो । कृश ऐरले ३५ र भन्स क्षत्रीले अविजित २६ रन बनाएपछि तनहुँले जितको लक्ष्य पुरा गर्‍यो । समीर प्लेयर अफ दि म्याच घोषित भए ।

# रुपामा वन डढेलो नियन्त्रणको पूर्व अभ्यास

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन



कास्कीको रुपा गाउँपालिकास्थित ध्रुवतारा माविको सभा हलमा सामुदायिक वन उपभोक्ता महासंघ रुपाको प्रथम परिषद सञ्चालन भई रहेको थियो । अचानक विद्यालयसंगै जोडिएको चिसापानी सामुदायिक वनमा डढेलो लागेको देखियो ।

कार्यक्रममा सहभागि उपभोक्ता सवै त्रसित भएर हातमा हसिया, कोदालो लगायतका आगो नियन्त्रण गर्ने परम्परागतका सामाग्री लिएर डढेलो लागेको वन तिर लागे । प्रत्येकका हातमा आगो निभाउने हरिया सेउला थिए । जंगलमा दन्किरहेको आगो निभाउन जुटे केही समयमा आगो नियन्त्रणमा आएसंगै सम्पूर्ण उपभोक्तामा खुशियाली छायो । जुन सामुदायिक वन उपभोक्ता महासंघ नेपाल कास्कीको आयोजना एवम् डिभिजन वन कार्यालयको आर्थिक सहयोगमा आयोजित वन डढेलो नियन्त्रण गरिने पूर्व अभ्यास कार्यक्रमको एक झलक थियो । आगो फैलिन नदिनका लागि उपभोक्ताले पहिला अग्निरेखा निर्माण गरे, जुन रेखा निर्माण गर्दा संकलन गरेको पातपतिङ्ग बोरामा राखेर प्राङ्गरिक मल बनाउन घरमा लगेका थिए । घाँस, दाउरा, काठ जस्ता वन पैदावार उपयोग नहुँनु र चरिचरणको अभावमा जंगलमा पात पतिङ्गर थुप्रिन जाँदा वन डढेलोको जोखि प्रत्येक बर्ष बढ्दै गएको रुपा सवडिभिजन वन कार्यालयका प्रमुख सुदिप राज रेग्मीले सो अवसरमा जानकारी दिनुभयो । "फागुन, चैत र वैशाख तीन महिना वनमा अत्याधिक डढेलो लाग्ने गरेको छ" उहाँले भन्नुभयो, "वनको डढेलो नियन्त्रण भन्दा पनि आगो लाग्नै नदिनका लागि उपभोक्ता माझ यस्ता पूर्व अभ्यासका कार्यक्रमको आयोजना गरिएको हो ।" महासंघ र डिभिजन कार्यालयको सम्झौता अनुसार कास्कीका पाँच पालिकाका विभिन्न छ स्थानमा पूर्वअभ्यास कार्यक्रमको आयोजना गरिने फेकोफन कास्कीका अध्यक्ष विश्वनाथ लामिछानेले जानकारी दिनुभयो । सामुदायिक वन उपभोक्ता महासंघ नेपाल केन्द्रीय सदस्य हरि बास्तोलाका अनुसार हिउँदे बर्षाको कमी, निरन्तर तापक्रमको बृद्धि हुनुको साथै वन क्षेत्रमा थुप्रियको पातपतिङ्गर, ढलापडा तथा सुकेका रुख र बढ्दो झाडिको कारण वन डढेलो क्रमिकरुपमा बढेने गरेको छ । वन डढेलोको कारण जंगली जनावर र चराचुरुङ्गीको वासस्थान नष्ट हुनुको साथै वातावरणमा समेत असर पर्ने हुँदा यसको नियन्त्रणका लागि सम्पूर्ण उपभोक्ता एवम् सरोकारवाल सवै सचेत हुनुपर्ने उहाँको भनाई थियो । नव्वे प्रतिशत वन डढेलो मानविय कारणले हुने गरेको छ । डढेलो लाग्न नदिन पहिलो अभियान हो, लागेमा आफु सुरक्षित भएर आगो नियन्त्रणमा जुट्नु पर्नेमा सामुदायिक वन उपभोक्ता महासंघ गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदीले कार्यक्रममा बताउनुभयो । वनमा आगो लगानेका बारेमा सुराकी दिनेलाई पुरस्कारको व्यवस्था गरिने बताउँदै उहाँले दोषि ठहरिएमा तीन बर्ष कैद, ६० हजार जरिवाना वा दुवै सजाय हुने संवैधानिक व्यवस्था छ । सामुदायिक वन उपभोक्ता महासंघ नेपाल रुपाका अध्यक्ष तिलबहादुर खड्काको अध्यक्षतामा भएको सो कार्यक्रममा गाउँपालिकाका ५६ सामुदायिक वन समुहका १०० भन्दा बढीको सहभागिता रहेको थियो ।

# युआरएल हेल्थ केयरमा अपोलोका सेवा

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

युआरएल हेल्थ केयर प्रालि पोखरा-१२, हस्पिटल चोकमा गण्डकी प्रदेशका लागि भारतको अपोलो हस्पिटलको सूचना केन्द्र स्थापना भएको छ । युआरएलले खोलेको अपोलो हस्पिटल्स इन्फर्मेसन सेन्टर आगामी शनिबार औपचारिक रुपमा उद्घाटन गरिँदै छ ।

भारतका सर्वोत्कृष्ट हस्पिटलमा पर्ने अपोलोले भारतभर छ दर्जनभन्दा बढी हस्पिटल चलाएको छ । अपोलो ग्रुपले सञ्चालन गरेको यी हस्पिटलमा बर्सेनि ठूलो संख्यामा नेपाली उपचारका लागि जाने गरेका छन् । नेपालबाट क्यान्सर, मुटुरोग, कलेजो रोग, आन्द्राका समस्या, बाथ जस्ता रोगका जटिल प्रकृतिका समस्या भएका बिरामी जान्छन् । अपोलोमा उपाचारका लागि जानैंपर्नेलाई आवश्यक सहजीकरण गर्न र कतिपय सेवा यही उपलब्ध गराउन इन्फर्मेसन सेन्टर खोलिएको हेल्थ केयरका अध्यक्ष गणेशप्रसाद कोइरालाले जानकारी दिए । 'उपचारका लागि जानैपर्ने बिरामीलाई यहाँबाट कसरी जाने, केके तयारी गरेर जाने सल्लाह दिन्छौं, यहीबाट डाक्टरको एप्वाइन्टमेन्ट बुकिङ गर्नमिल्छ,' उनले भने, 'उपचारपछि आवश्यक औषधी यही उपलब्ध गराउँछौं ।' फलोअपका लागि अपोलो नै जानुपर्ने झन्झट कम गर्न टेलिमेडिसिन सेवासमेत यही उपलब्ध हुनेछ । अध्यक्ष कोइरालाले भने, 'यही परिवारसहित बसेर विशेषज्ञसँग छलफल गरी परामर्श र उपचारको सेवा पनि दिन्छौं । त्यसका लागि ठूलो स्क्रिन र छुट्टै कक्षको व्यवस्था छ ।' हेल्थ केयरका सल्लाहकार ठाकुरप्रसाद पन्तले नेपालमा उपचार सम्भव नहुने खालका क्यान्सर, बाथ, मुटुरोग, निसन्तानपन लगायतका सेवा अपोलोमा सहज तवर लिन सघाउने सूचना केन्द्र खोलिएको उल्लेख गरे । 'नियमित रुपमा पोखराका विशेषज्ञ चिकित्सकको सेवासहित बेला बेलामा काठमाडौंका विशेषज्ञको सेवा हेल्थ केयरमा उपलब्ध हुनेछ,' पन्तले भने, 'आवश्यकताअनुसार अपोलोकै विशेषज्ञहरुलाई निम्त्याएर यही सेवा दिने योजना पनि छ ।' युआरएल हेल्थ केयर र अपोलो इन्फर्मेसन सेन्टर उद्घाटनको अवसरमा शनिबार निशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको छ । शिविरमा ख्यातिप्राप्त क्यान्सर रोग विशेषज्ञसहितको चिकित्सक टोलीले सेवा दिनेछ । हेल्थ केयरका अध्यक्ष कोइरालाले सो दिन चिकित्सकको परीक्षण शुल्क नलाग्ने र अरु सबै प्रकारका परीक्षणमा समेत २० प्रतिशत छुट दिइने जानकारी दिए । प्राविधिक सीप तथा व्यावसायिक तालिम परिषद्बाट मान्यता प्राप्त गरी नर्सिङ काउन्सिल, मेडिकल काउन्सिल लगायतका स्वास्थ्यका अनुमतिपत्र परीक्षाका तयारी कक्षासमेत यहाँ सञ्चालन गरिने भएको छ ।

केयर गिभरको तालिमसमेत यसले सञ्चालन गर्ने छ । हेल्थ केयरभित्रै फार्मेसी र डेन्टल सेवा पनि उपलब्ध छ ।

# बागलुङलाई समृद्धिसँग जोड्दै कालीगण्डकी करिडोर

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ फागुन

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोरले जिल्लाको बागलुङ र जैमिनी नगरपालिका जोडेको छ ।

त्रिदेशीय सडकका रूपमा रहेको करिडोरले बागलुङलाई सिधैँ चीन र भारतसँग जोडेको हो । झण्डै १४ वर्ष अघि सुरु भएको करिडोर आयोजना निर्माणले अहिले तीव्रता पाएको छ । करिडोर विस्तारपछि पछिल्लो समय सडक छेउछाउमा बस्ती बस्न थालेका छन् । ग्रामीण क्षेत्रबाट झरेर करिडोरको आसपासमा व्यापार व्यवसाय गर्ने पनि बढ्दै गएका छन् । नवलपुरको गैँडाकोटबाट कोराला नाकासम्म चार सय ९५ किलोमिटर रहेको करिडोर बागलुङ खण्डमा मात्रै ३४ किमी पर्दछ ।

करिडोरले बागलुङको जैमिनी नगरपालिका क्षेत्रका बासिन्दाको दैनिकीमा परिवर्तन ल्याएको स्थानीय बताउँछन् । बेलबगर, जैमिनी धाम, छरिलौवा, न्वाराढिक, धुस, सुस्सा फाँटलगायत क्षेत्रमा बस्ती बस्न थालेका छन् भने करिडोर स्तरोन्नतिसँगै कालोपत्र हुँदै गएपछि सवारीसाधन सञ्चालन हुने थालेका छन् । ग्रामीण क्षेत्रका नागरिकलाई बुटवल, भैरवाहलगायत मुलुकका ठूला सहरसम्म पुग्न सहज भएको छ । करिडारमा यातायाता सञ्चालन हुन थालेपछि गाउँमा उत्पादन भएको वस्तुलाई बजारीकरण गर्न सहज भएको स्थानीय किसान श्रीसले बताउनुभयो । करिडोरको ट्र्याक वर्षौं अगाडि खुलेपछि अहिले स्तरोन्नति भएको भन्दै यसले गाउँलाई सिधा सहरसँग जोडेको उहाँको भनाइ छ । श्रीसले भन्नुभयो, "कालीगण्डकी करिडोरले हाम्रो गाउँलाई सुगम बनायो, दिनानुदिन गाडी ओहोरदोहोर गर्छन्, यात्रुले यहाँ उत्पादन भएका सामान किनेर लैजान्छन्, पहिले बुटवल, भैरहवा पुग्न एक दिन लाग्थ्यो भने अहिले चार/पाँच घण्टामा पुग्न सकिन्छ, बुढापाकाहरू अहिलेको यो विकास देखेर दङ्ग छन्, करिडोरले यो क्षेत्रका नागरिकको जीवनशैली बदल्न थालेको छ ।" जैमिनी नगरपालिका-५ का कृष्णबहादुर थापाले करिडोर सञ्चालनमा आएपछि भारतीय पर्यटक बढ्न थालेका बताउनुभयो । भारतबाट मुक्तिनाथ जाने धेरैजसो पर्यटक जैमिनी धामको दर्शन गरेर जाने गरेको भन्दै यसले आर्थिक चलायमान हुने उहाँको भनाइ छ । स्थानीय सरकारले पर्यटकीय तथा धार्मिकस्थलको प्रचारप्रसार गर्नसके बाह्य पर्यटकलाई तान्न सकिने थापाले धारणा राख्नुभयो । अहिले दैनिक बुटवलबाट जैमिनीसम्म सिधा यातायात सञ्चालन हुँदा सामान ढुवानी र यात्रा गर्न सहज भएको उहाँले उल्लेख गर्नुभयो । जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले दक्षिण बागलुङ समृद्धिसँग जोड्न कालीगण्डकी करिडोरले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो । अब बागलुङका हरेक नागरिक व्यापार र व्यवसायसँग जोडिए करिडोरबाट प्रशस्त लाभ लिनुका साथै आर्थिक समृद्धि हासिल गर्न सक्ने उहाँको भनाइ छ । किसानले उत्पादन गरेको तरकारी, फलफूल र अन्य वस्तु सहजै विभिन्न सहरमा पुर्‍याउन सकिने हुँदा उचित मूल्यसमेत पाइने शर्माले बताउनुभयो । "करिडोर बागलुङवासीका लागि वरदान सावित हुँदै गएको छ, हिजो सुनसान रहेको ठाउँमा अहिले धमाधम बजार बस्न थालेका छन् । एक दिन यात्रा गर्नुपर्ने ठाउँमा अहिले दुई/चार घण्टामा पुग्न सकिन्छ", उहाँले भन्नुभयो, "यो रुट धार्मिक पर्यटनसँग जोडिएको हुँदा यहाँ थुप्रै सम्भावना छन्, नगरपालिकाले पनि करिडोरबाट लाभ लिनेगरी योजना बनाइ रहेको छ ।" करिडोरले जैमिनी नगरपालिकामा १९ दशमलव पाँच किलोमिटर र बागलुङ नगरपालिकामा १४ दशमलव पाँच किमी क्षेत्र जोडेको छ । नवलपुरको गैँडाकोटबाट कोराला नाकासम्म चार सय ९५ किमी रहेको करिडोर बागलुङको मालढुङ्गा दुई सय ४० किमी लामो छ ।

मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वतसहितका जिल्लाबाट बुटवल, भैरवाह र भारतसम्म पुग्ने यात्रासमेत यसले छोट्याइदिएको छ । करिब १४ वर्ष अगाडि निर्माण सुरु भएको करिडोर आयोजना हालसम्म बागलुङ खण्डमा ७५ प्रतिशत काम सम्पन्न भएको आयोजना कार्यालयले जनाएको छ ।

# धवलागिरिमा १३ जलविद्युत् आयोजना

**सन्तोष गौतम**
म्याग्दी, १३ फागुन/रासस

जिल्लाको धवलागिरि गाउँपालिकामा दुई सय ३८ दशमलव २३ मेगावाट क्षमताको १३ वटा जलविद्युत् आयोजना भित्रिएका छन् । विश्वको सातौँ अग्लो धौलागिरि हिमालको फेदीबाट बग्ने म्याग्दी र सहायक नदीमा जलविद्युत् आयोजना भित्रिएसँगै भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा पर्ने धवलागिरि गाउँपालिकाको विकास हुने अपेक्षा गरिएको हो ।

गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले ९० दशमलव पाँच मेगावाट क्षमताको दुई वटा आयोजना निर्माण सुरु भएका बताउँदै ७१ दशमलव पाँच मेगावाट क्षमताका दुई आयोजना निर्माण प्रक्रियामा रहेका जानकारी दिनुभयो । विद्युत् विकास विभागका अनुसार धवलागिरिको भूगोलमा थप ७६ दशमलव २३ मेगावाट क्षमताका नौ वटा आयोजना निर्माणको प्रक्रियामा छन् । "भिरपहरा छिचोलेर बनाइएको आयोजनामार्फत यहाँ सडक सञ्जाल विस्ता हुनुका साथै यातायात सञ्चालन भई स्थानीयलाई आवतजावतमा सहज भएको छ । रोजगारी र आयआर्जनका अवसर सिर्जना भएका छन्, स्थानीयको शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा सहयोग भएको छ", अध्यक्ष पुनले भन्नुभयो, "दीर्घकालीन रूपमा आयोजनाबाट उत्पादित विद्युत् बिक्री भएका प्राप्त हुने रोयल्टी (सलामी दरस्तुर) बाट गाउँपालिकामा पूर्वाधार निर्माण गरी नागरिकको सेवासुविधामा परिचालन गर्न सकिन्छ ।" गत भदौदेखि निर्माण सुरु भएको म्याग्दी हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको ५३ दशमलव पाँच मेगावाट क्षमताको अपर म्याग्दी-१ को १६ दशमलव पाँच प्रतिशत भौतिक प्रगति भएको आयोजना कार्यालयले जनाएको छ ।

धवलागिरि गाउँपालिका-४ खाम्लामा रहने बाँधमार्फत पाँच दशमलव सात सय किमी सुरुङबाट ल्याउने पानीलाई मालिका गाउँपालिका-७ भारवाङ्मा बन्ने विद्युत्गृहमा एक सय ९६ मिटर उचाइबाट खसालेर विद्युत् निकालिने आयोजना प्रमुख ज्योतिकुमार केसीले जानकारी दिनुभयो । उहाँका अनुसार विसं २०८३ फागुन २१ गतेदेखि नियमित विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको यस आयोजनाको कुल लागत रु ११ अर्ब २३ करोड २७ लाख अनुमान गरिएको छ । हाइड्रोइम्पाएर प्रालि प्रवर्द्धक रहेको माथिल्लो म्याग्दी जलविद्युत् आयोजनाले धवलागिरि-४ सिम्कोश दोभानको बाँधबाट घिम्लेटी जोड्ने चार किमी लामो सुरुङ निर्माण सुरु गरिएको छ । उक्त आयोजना प्रमुख रमेश सुवेदीले विसं २०८२ चैत मसान्तभित्र सम्पन्न गर्ने लक्ष्यसहित बाँध, सुरुङ र विद्युत्गृह निर्माण थालिएको जानकारी दिनुभयो । यस आयोजनाको कुल लागत रु छ अर्ब ६९ करोड ९४ लाख ९५ हजार अनुमान गरिएको छ । हाइड्रोभिलेज प्रवर्द्धक रहेको ६५ मेगावाट क्षमताको म्याग्दी खोला जलविद्युत् आयोजनाको धवलागिरि-४ जेल्तुङ्मा प्रस्ताव गरिएको विद्युत्गृह निर्माणस्थल हालै सडक सञ्जालमा जोडिएको छ । खाम्लास्थित अपर म्याग्दी-१ को बाँधबाट नाउँरा हुँदै बगर जोड्ने उक्त सडक छ किमी दूरीको छ । जेल्तुङबाट १२ किमी दूरीमा रहेको दोभानसम्म पहुँचमार्ग निर्माणलाई निरन्तरता दिने तयारी भइरहेको धवलागिरि-४ का वडा सदस्य हरिप्रसाद तिलिजाले बताउनुभयो । धवलागिरि-३ मा छ दशमलव पाँच मेगावाट क्षमताको दरखोला जलविद्युत् आयोजनाले पूर्वाधार निर्माणको तयारी गरेको छ । विद्युत् खरिद-बिक्री सम्झौता, वित्तीय स्रोत, जग्गा व्यवस्थापनलगायत काम सकेर यही वर्षदेखि बाँध, पेनस्टक पाइपलाइन र विद्युत्गृह निर्माण सुरु गर्ने तयारी भएको दरखोला हाइड्रोपावरका अध्यक्ष रेशमबहादुर भण्डारीले बताउनुभयो । विसं २०८३ फागुनभित्र विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको दरखोला जलविद्युत् आयोजनाको बाँध धवलागिरि-३ कुनौटो र सोही वडाको सोलवाङ्मा विद्युत्गृह प्रस्ताव गरिएको छ । तीन किमी एक सय मिटर पेनस्टक पाइपलाइन रहने उहाँले जानकारी दिनुभयो । धवलागिरि-४ मुदीमा १४ दशमलव ७० मेगावाट क्षमताको मुदीखोला, २३ दशमलव ७० मेगावाट क्षमताको म्याग्दीखोला (ए), धवलागिरि-१ गुर्जामा १५ मेगावाट क्षमताको धौलाखोला र १४ दशमलव ७० मेगावाट क्षमताको मुदीखोला जलविद्युत् आयोजनाको पूर्वाधार निर्माणका लागि विद्युत् विकास विभागले सम्बन्धित प्रवर्द्धक कम्पनीलाई अनुमति दिएको जनाएको छ । धवलागिरि-४ का वडाध्यक्ष यामबहादुर घर्तीले वातावरणीय परीक्षण र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेका आयोजनाहरूले स्थलगत सर्वेक्षण, वित्तीय स्रोत व्यवस्थापन र विद्युत् खरिद-बिक्री प्रक्रियामा रहेका जानकारी दिनुभयो । उहाँका अनुसार चौध दशमलव ७० मेगावाटको मुदीखोला, २० मेगावाटको कुनबानखोला, तीन दशमलव ४५ मेगावाट क्षमताको सिम्कोश, १२ दशमलव ७३ मेगावाट क्षमताको अपर मुदी, नौ दशमलव पाँच मेगावाटको म्याग्दीखोला (बि) र चार दशमलव छ मेगावाट क्षमताको तिरिजाखोला जलविद्युत् आयोजना निर्माण र सर्वेक्षणका लागि विद्युत् विकास विभागबाट विभिन्न प्रवर्द्धक कम्पनीले अनुमति लिएका छन् । म्याग्दी नदी र सहायक खोलाहरूमा निर्माणाधीन जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत् लाई केन्द्रीय ग्रिडमा जोड्ने उद्देश्यले नेपाल विद्युत् प्राधिकरणले मालिका गाउँपालिका-७ डाँडाखेतमा सबस्टेसन निर्माण अन्तिम चरणमा पुर्‍याएको छ । आयोजना प्रमुख रोशन अग्रवालले ८५ प्रतिशत भौतिक प्रगति भएको डाँडाखेत सबस्टेसनको काम आगामी तीन महिनाभित्र सम्पन्न गर्ने लक्ष्यसहित १३३/३३ केभी, ३० एमभिए क्षमता र एआइएस प्रविधिको उपकरण जडान गर्न थालिएको जानकारी दिनुभयो । डाँडाखेतबाट रघुगङ्गा गाउँपालिका-३ राहुघाटको अम्वाङ जोड्ने २५ किलोमिटर १३२ केभी क्षमताको प्रसारणलाइन र दुवै ठाँउमा सबस्टेसन निर्माणका लागि सन् २०२१ को डिसेम्बर ३१ मा २६ मिलियन अमेरिकी डलरमा ठेक्का सम्झौता भएको थियो । गत जुलाई १६ मा सकिएको ठेक्का सम्झौताको म्याद सन् २०२५ को नोभेम्बर १६ सम्म थप भएको छ ।

गण्डकी प्रदेशसभाका सांसद रेशमबहादुर जुग्जालीले २२० केभी क्षमताको दाना सबस्टेसन निर्माण र १३२ केभी क्षमताको डाँडाखेत-राहुघाट सबस्टेसन तथा प्रसारणलाइनको कामले गति लिन थालेपछि कालीगण्डकी, म्याग्दी, राहुघाट र सहायक नदीहरूमा जलविद्युत् आयोजना निर्माणले तीव्रता पाएको बताउनुभयो ।

# जि एण्ड के इन्टरनेसनल एजुकेशन कन्सल्टेन्टद्धारा विद्यार्थीलाई पोशाक वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

जि एण्ड के इन्टरनेसनल एजुकेशन कन्सल्टेन्ट पोखराले विद्यार्थीलाई पोशाक वितरण गरेको छ । जि एण्ड केले छैटौं वार्षिकोत्सवको अवसरमा पोखरा महानगरपालिका ४ गैह्रापाटनमा रहेको नविन माविमा अध्यनरत ५० विद्यार्थीलाई एक/एक सेट विद्यालय पोशाक वितरण गरेको हो ।

विद्यालयमा आयोजित एक कार्यक्रमकाबिच पोखरा महानगरपालिका वडानम्बर ४ वडाध्यक्ष देवकृष्ण पराजुली, नविन माविका प्रधानाध्यापक शिरोमणी लामिछाने, विद्यालय व्यवस्थापन समितिका सदस्य बसन्त प्रसाद पराजुली र जि एण्ड केका संचालक राजन पन्थीले विद्यार्थीलाई पोशाक वितरण गरे । ५० विद्यार्थीले सिलाई पछि तयारी कपडा निशुल्क पाउने छन् । कार्यक्रममा बोल्दै वडाध्यक्ष पराजुलीले सरकारी विद्यालयमा अध्यन गर्ने विद्यार्थीलाई प्रोत्साहनको खाँचो रहेको बताए । शैक्षिक परामर्श दिने संस्थाले सामाजिक उत्तरदायीत्व अन्तरगत पोशाक सहयोग गरेकोमा अध्यक्ष पराजुलीले आभार व्यक्त गरे । सरकारी विद्यालयमा अध्यन गर्ने विद्यार्थीको शैक्षिक गुणस्तर सुधार गर्न अभिभावकले पनि चासो दिनुपर्ने पराजुलीको भनाई थियो ।

विद्यालयका प्रधानाध्यापक शिरोमणी लामिछानेले विद्यालयमा सामान्य परिवारका बालबालिका अध्यन गर्ने भएकाले न्युनतम आवश्यकता पुरा गर्न कठिन हुने बताए । विद्यालय पोशाक निशुल्क प्राप्त गरे पछि अभिभावकले पनि अन्य आवश्यकतामा लगानी गर्न पाउने र यसले शैक्षिक गुणस्तर सुधारमा समेत टेवा पुग्ने बताए । जि एण्ड के इन्टरनेसनल एजुकेशन कन्सल्टेन्टका संचालक राजन पन्थीले संस्थाले विगतमा पनि सामाजिक कार्य गदै आएको र यस पटक पनि सरकारी विद्यालयमा अध्यन गर्ने बालबालिकालाई पोशाक वितरण कार्यक्रम राखिएको बताए । यसले पठनपाठनमा सहयोग पुग्ने छ भन्ने आशा लिएका छौं । अभिभावकलाई सहायता प्रदान गर्ने र विद्यार्थीको आवश्यकतालाई ध्यान दिएर पोशाक वितरण गरिएको पन्थीको भनाई थियो ।